मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश २०७३

आज मिति २०७८।०३।१० गते मोहन्याल गाउँपालिकाको छैठौं गाउँसभा (पहिलो बैठक [illegible]) गाउँपालिका सभाध्यक्ष श्री तवलसिंह रावल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँसभा सदस्य ज्यूहरुको उपस्थितिमा बसी कार्यसूचिमा छलफल गरीयो ।

उपस्थिति

०१- श्री तवलसिंह रावल
०२- श्री पुजा देवि बुढा मगर
०३- श्री नविन पुन मगर
०४- श्री खिराम बर्ति मगर
०५- श्री टेक ब० मगर
०६- श्री तारा शर्मा
०७- श्री बिर्मा देवि बि०क
०८- श्री देविदत्त उपाध्याय
०९- श्री विर बहादुर शाही
१०- श्री भिमेन्द्र पौड्याल
११- श्री बिर्मा देवि रोका मगर
१२- श्री राधिका दमाई
१३- श्री नन्दाराम गिरी
१४- श्री मोहन गिरी
१५- श्री तुल्सी पुरी
१६- श्री निर्मला विश्वकर्मा
१७- श्री टेक ब० बोगटी
१८- श्री नयन ब० बम
१९- श्री गज ब० आचार्य
२०- श्री प्रवत कुमारी सलामी
२१- श्री चन्द्रकला धामी
२२- श्री डुविलाल हंजाली
२३- श्री गणेश बुढा मगर
२४- श्री पूर्ण बहादुर मगर
२५- श्री फवि देवि घर्तीमगर
२६- श्री उर्मिला देवि साउँदी
२७- श्री खिराम भण्डारी
२८- श्री नौले धामी
२९- श्री डिल ब. घर्तीमगर
३०- श्री गौरीदेवि [illegible] गौरी
३१- श्री दर्शना बि०क
३२- श्री खर प्रसाद अधिकारी

प्रमाणित गर्नेको

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश २०७३

Scanned with CamScanner

३३· श्री शंकर सिंह बिष्ट
३४- श्री त्रिभुवनराज जोशी
३५ श्री हिरा देवि रावल
३६·श्री त्याउरा देवि धुल
३७ श्री विशाल भट्टराई
३८ श्री इन्द्रा देवि धुल
३९ श्री ~~[illegible] बहादुर~~ अमर तल्काराम [illegible]
४० - श्री जयनन्द जोशी - गाउँसभा सचिव
अन्य उपस्थित
१) मदनराज अवस्थी -
२) प्रतिमा गिरी रावल.
३) रवीन्द्र बहादुर भण्डारी
४) भोपराज वि० क
५) योगेन्द्र भण्डारी
६) खगेन्द्र रावल
७) महेश कठायत
८) नरेन्द्र ब· थापा
९) यमराज बोगटी
१०) कृष्ण पोख्रेल
११) बिरे ब. भण्डारी
१२) लिलाजंग शाही
१३) रमित पाण्डे
१४) कृष्ण थापा
१५) प्रियु वि० क
१६) मोल बारकोटे
१७) दिपक रावल
१८) वेद प्रकाश ढोली
१९) नविन पाण्डे
२०) कमल कठायत
२१) दीपक प्रसाद न्यौपाने
२२ हिरा सिंह [illegible]
२३) प्रविण भण्डारी
२४) मिन [illegible] भण्डारी
२५) [illegible] विश्वकर्मा - नगर प्रहरी [illegible] - [illegible]

प्रमाणित गरिन्छ

गौरीफाँटा? गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिमडी, कैलाली सुदूरपश्चिम प्रदेश २०७३

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

प्रस्तावहरू

प्रस्ताव नं१ - आ० व० २०७७/०७८ को वार्षिक निति तथा कार्यक्रम प्रस्तुत हुनका तथा पारित सम्बन्धमा

निर्णय: प्रस्ताव नं १ उपर व्यापक छलफल गर्दा मोहन्याल गाउपालीकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक निति तथा कार्यक्रम सभाको नियमीत कार्यसुची अनुसार सभाको उपाध्यक्ष श्री पुजा देवि बुढा मगर ज्युबाट प्रस्तुत भई सो निति तथा कार्यक्रम माथी गाउसभाका सदस्यज्युहरूमा व्यापक छलफल तथा बहस भई सभाध्यक्ष ज्युद्वारा निर्णयतर्फ पेश। प्रस्तुत हुदा मोहन्याल गाउपालीकाको वार्षिक (आ० व० २०७७/०७८ को) निति तथा कार्यक्रम सबैको मतका साथ सर्वसम्मत रूपमा पारीत गरीयो।

प्रमाणित गरिन्छ

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

आज मिति २०७८।०३।१० गतेका दिन मोहन्याल गाउँपालिकाको छैटौं गाउँसभा— अधिवेशन सभाको नियमित कार्यसूची अनुसार सभाका अध्यक्ष श्री नवलसिंह रावलको अध्यक्षतामा साँझ ५:०० बजे मोहन्याल गाउँपालिकाको वडा नं ६ स्थित सितमारीमा रहेको चिसापानी स्ट्रक्चर रिसोर्टको सभाहलमा बैठक बसी— देहायका प्रस्तावहरुमाथी व्यापक छलफल पश्चात तपशिलको उपस्थितीमा निर्णय पारीत गरीयो।

उपस्थिती

१) श्री नवलसींह रावल
२) श्री पुजा देवि बुढा मगर
३) श्री नविन बुढ मगर
४) श्री टेक ब० मगर
५) श्री टिकाराम घर्ती मगर
६) श्री तारा शर्मा
७) श्री बिर्मा देवि विष्ट
८) श्री देवि दत्त उपाध्याय
९) श्री खर प्रसाद अधिकारी
१०) श्री टिकाराम भण्डारी
११) श्री टेक ब० बोगटी
१२) श्री नन्दाराम गीरी
१३) श्री दुविलाल हमाली
१४) श्री विशाल पहराई
१५) श्री नुह्ली बुढी
१६) श्री विर ब. शाही
१७) श्री भिमेन्द्र पौड्याल
१८) श्री बिर्मा देवि रोकामगर
१९) श्री राधिका दमाई
२०) श्री नन्दाराम लहकारी
२१) श्री मोहन जैसी
२२) श्री निर्मला विश्वकर्मा
२३) श्री नयन ब. बम
२४) श्री गजे ब. आचार्य
२५) श्री भवन कु. खलाती
२६) श्री चन्द्रकला शाही
२७) श्री गणेश बुढा मगर
२८) श्री पूर्ण ब. मगर
२९) श्री फकि देवि घर्ती मगर

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

प्रमाणित गरिन्छ

Scanned with CamScanner

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७४

३०, चौमिथ्या देवि खड्की
३१ तोर्ले थापा
३२ डिल ब. घर्तीमगर
३३ गौरी देवि बुढा
३४ दशरथ सिं बु
३५ थोबर बिष्ट
३६ तिलकराज जोशी
३७ हिरा देवि रावल
३८ च्याउरा देवि शुक्ल
३९ इन्द्रा देवि शुक्ल
४० जयतरु जोशी - गाउँसभा, सचिव

प्रस्ताव नं १. मोहन्याल गाउँपालिकाको आर्थिक विधेयक २०७७ प्रस्तुत छलफल तथा पारीत सम्बन्धमा

प्रस्ताव नं २. मोहन्याल गाउँपालिकाको विनियोजन विधेयक २०७७ एवं आर्थिक वर्ष २०७७/०७८ को योजना कार्यक्रम तथा बजेट प्रस्तुत छलफल तथा पारित सम्बन्धमा

प्रस्ताव नं ३. गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा

प्रस्ताव नं ४. विभिन्न योजनाहरुमा संघिय तथा प्रदेश सभा समक्ष बजेट माग गर्न सिफारिस गर्ने सम्बन्धमा

प्रस्ताव नं ५. गाउँकार्यपालिकाले गरेका निर्णय अनुमोदन गर्ने बारे

प्रस्ताव नं ६. कृषि नियमावली, निर्देशिका पारित गर्ने बारे

प्रस्ताव नं ७ - टेण्डर प्रक्रियामा गएका योजनाहरुको सम्बन्धमा

प्रस्ताव नं ८ - कानुनी सेवा परामर्श संग सम्झौता गर्ने सम्बन्धमा

प्रस्ताव नं ९ वैज्ञानिक वन सम्बन्धमा

प्रस्ताव नं १० पानीजहाज सञ्चालन सम्बन्धमा

प्रस्ताव नं ११ चिसापानी, चौहरा खिम्डी, खयियाताल सम्बन्धमा

प्रस्ताव नं १२ सामुदायिक वन उपभोक्ता सम्बन्धमा

प्रस्ताव नं १३ बजेटमा समावेश गर्ने सम्बन्धमा

प्रस्ताव नं १४ जनता आवास कार्यक्रम माग गर्ने सम्बन्धमा

प्रस्ताव नं १५ सुरक्षित बस्ती सम्बन्धमा

प्रस्ताव नं १६ क्लास तथा क्रिकेट ग्रेज सम्बन्धमा

प्रस्ताव नं १७ तरवल्थत तथा टेलमर सम्बन्धमा

प्रस्ताव नं १८ १५ सैयाको अस्पतालको भवन माग सम्बन्धमा

प्रमाणित गर्ने

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को मोहन्याल गाउँपालिकाको आर्थिक विधेयक सभाको नियमित कार्यसूची अनुसार सभाका उपाध्यक्ष श्री पुजा देवि बुढा मगर ज्यूबाट प्रस्तुत भई सो आर्थिक विधेयक माथि गाउँसभाका सदस्यहरू ज्यूबाट व्यापक छलफल भई सभाध्यक्ष ज्यूद्वारा निर्णयार्थ पेश भएको हुँदा मोहन्याल गाउँपालिकाको वार्षिक (आ.व. २०७७/०७८) को आर्थिक विधेयक ध्वनी मतका साथ सर्वसम्मत रूपमा पारित गरीयो। यसरी निर्णय साथ स्वकृति भएको निति तथा कार्यक्रम समेत निश्चित निर्णय पश्चात माइन्युटमा दर्ज गरीएको छ।

प्रमाणित

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
किमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

# मोहन्याल गाउँपालिकाको आर्थिक ऐन २०७७

**मोहन्याल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा 288 को उपधारा (2) बमोजिम मोहन्याल गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, २०७७ " रहेको छ ।
   (2) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि मोहन्याल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **घर जग्गा करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (2) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (3) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (4) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानुन द्वरा स्वीकृत दर अनुसार सवारी साधन कर हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (5) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (6) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **वहाल बिटैरि करः** गाउँपालिका क्षेत्रभित्र वहाल बिटैरि कर अनूसूचि (7) व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (8) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **बिक्रि तथा निकासी करः** गाउँपालिका क्षेत्र कर अनूसूचि (9) व्यवस्था भए अनुसार बिक्रि तथा निकासी कर लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

प्रमाणित गर्दछु

Scanned with CamScanner

१३. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१४. **अनुसूचीहरु**

श्रोतहरु

अनुसूची १

| क्र.सं. | विवरण | करको दर एकमुस्ट रु. |
|---|---|---|
| 1 | न्यूनतम (5 सम्म) रोपनी | 50 |
| 2 | 5-10 रोपनी सम्म रोपनी | २५० |
| 5 | 10-25 रोपनि सम्म | ७०० |
| 6 | 25-50 सम्म | १५०० |
| 7 | 50 भन्दा माथि | ३००० |

## अनुसूची २ (घर वहाल कर)

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा वहाल दिएको रकमको 5 प्रतिसत बमोजिम घर वहाल कर लगाइने र असूल गरिनेछ ।

| क्र.सं. | विवरण | करको दर रु. |
|---|---|---|
| 1 | छाप्रो,फुसको छाना भएको कच्ची घर प्रति वर्ष | 100 |
| 2 | टीन,स्लेट ढुङ्गा,टायलको छाना भएको घर प्रति वर्ष | 300 |
| 3 | RCC घर 5 कोठा सम्मको प्रति वर्ष | 500 |
| 4 | RCC घर 10 कोठा सम्मको प्रति वर्ष | 1000 |
| 5 | RCC घर 10 कोठा भन्दा माथि प्रति वर्ष | 5000 |

प्रमाणित मिति [illegible]

## अनुसूची ३ व्यवसाय करः

| सि.नं | विवरण | करको दर | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| १ | चिया, नास्ता, सामान्य किराना पसल,सामन्य कस्मेटिक पसल तथा अन्य यस्तै प्रकृतिका सामान्य व्यवसाय | १००० | ५०० |
| २ | रेस्टुरेन्ट, होटल, वार | २००० | १००० |
| ३ | तयारी पोसाक तथा कांचो कपडा पसल | २५०० | १००० |
| ४ | स्टेसनरी तथा खेलकुद सामाग्रि पसल | १००० | ५०० |
| ५ | मासु पसल | १००० | ५०० |
| ६ | कपाल काट्ने सैलुन | ५०० | ५०० |
| ७ | ब्यूिटि पार्लर | २००० | १००० |
| ८ | निर्माण सामग्रि पसल | २५०० | १००० |
| ९ | भांडा पसल | २५०० | १००० |
| १० | मोटर साइकल, जीप लगायत सवारी साधन मर्मत वर्कसप | २००० | १००० |
| ११ | सामान्य औसधि पसल | २००० | १००० |
| १२ | ल्याव सहितको औसधि पसल | ३००० | २००० |
| १३ | सुन चांदि पसल सानो | २००० | १००० |
| १४ | सुन चांदि पसल ठूलो | ३००० | २००० |
| १५ | मदिरा तथा सुर्तिजन्य पसल | २००० | १००० |
| १६ | टेलरिङ पसल | ५०० | ५०० |
| १७ | घ वर्ग निर्माण व्यवसायि इजाजत प्रमाणपत्र | १०००० | ५००० |
| १८ | ग्रिल उधोग | २००० | १००० |
| १९ | फर्निचर उधोग तथा व्यवसाय | १५०० | १००० |
| २० | लघु जलविधुत आ.प्रति कि.वा इजाजत | २००० | ५०० |
| २१ | कुटानी पिसानी मिल | १००० | ५०० |
| २२ | कसर उधोग | २०००० | ५००० |
| २४ | इट्टा तथा व्लक उधोग | ५००० | २००० |
| २५ | माछा मार्न अनुमति न्युनतम रु १५००० वाट ठेक्का लगाउने | | |

### अनुसूची ४ (जडिबुटी, कवाडी र जीवजन्तु कर)

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवारः-
मोहन्याल गाउापालिका भित्र खाटो निकासी वाफत प्रति के.जि रु १ का दरले कर लाग्ने छ। काउलो, तेजपत्ता, अमला जस्ता जटिवूटि निकासी वाफत प्रति के.जि ५० पैसाका दरले कर लाग्ने छ ।

### अनुसूची ५ बिज्ञापन कर

होर्डिङ बोर्ड तथा भित्ते लेखनको प्रति स्कर फुट रु.50 प्रति वर्षका दरले कर लगाउने।

### अनुसूची ६ मनोरन्जन कर

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| 1 | मेला संचालन प्रत्येक पटक | 10000 | |
| 2 | हाईभिजन हल | 5000 | |

### अनुसूची ७ वहाल बिटैरि कर

मोहन्याल गाउँपालिकाको आफ्नो रेखदेखमामा रहेको सार्वजनिक स्थल, ऐलानी जगगा वा वाटोको छेउको जगगामा भएका छाप्रा, पसल वा आवासमा वार्षिक रु १००० कर लाग्नेछ ।

प्रमाणित गरिन्छ

## अनूसूची ८ (सेवा शूल्क दस्तूर)

| क्र.सं. | विवरण | करको दर रु. |
|---|---|---|
| 1 | सिफारीस(नागरीकता/गरीव/बिपन्न लगाएत सामान्य प्रकारको) | 100 |
| 2 | मालपोत सिफारीस | 200 |
| 3 | प्रमाणित नेपालको प्रयोजन | 200 |
| 4 | प्रमाणित बैदेसिक प्रयोजन | 1000 |
| 5 | काउन्सिल प्रमाणिकरण | 100 |
| 6 | गैर सरकारी संस्था सिफारीस | 2000 |
| 7 | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सिफारीस | 5000 |
| 8 | क्लव/आमा समुह/बाल समुह दर्ता सिफारीस | 500 |
| 9 | ब्यबसाय सम्बन्धी सीफारीस | 1000 |
| 10 | विद्युत जडानको लागी सिफारीस | 500 |
| 11 | घरको नक्सा पास(सडक मार्ग आसपास)- 5 वर्ग फुट | 500 |
| 12 | घरको नक्सा पास सडक मार्ग बहेक माथिल्लो भाग -2 वर्ग फुट | 200 |
| 13 | रोहवरमा बसी कागजात गरेको | 500 |
| 14 | परामर्स सेवा दर्ता सिफारीस | 2000 |
| 15 | पशु ब्यबसाय फर्म दर्ता | 500 |
| 16 | पशु ब्यवसाय चरीचरण प्रति गोटा | 10 |
| 17 | मिलापत्र | 1000 |
| 18 | लिखत प्रतिलिपि | 100 |
| 19 | टेलिफोन/नेटवर्कको टावर | 5000 |
| 20 | बोर्डिङ्ग स्कूल अनुमति | 10000 |
| 21 | बोर्डिङ्ग स्कूल कक्षा बृद्धि | 5000 |
| 22 | बोर्डिङ्ग स्कूल ठाउ सारी | 10000 |
| 23 | बोर्डिङ्ग स्कूल वार्षिक कर(आधार भुत तह) | 4000 |
| 24 | बोर्डिङ्ग स्कूल वार्षिक कर (माध्यमिक तह) | 10000 |
| 25 | लघु वित्त कम्पनी वार्षिक कर | 5000 |
| 26 | सहकारी संस्थाको वर्षिक कर | 1000 |
| 27 | बैंक तथा वित्तिय संस्था वार्षिक कर (क वर्ग) | 25000/- |

प्रमाणित गरिन्छ

Scanned with CamScanner

| | | |
|---|---|---|
| 28 | बैंक तथा वित्तिय संस्था वार्षिक कर (ख वर्ग) | 20000 |
| 29 | बैंक तथा वित्तिय संस्था वार्षिक कर (गवर्ग) | 10000 |
| 30 | बैंक तथा वित्तिय संस्था वार्षिक कर (घ वर्ग) | 5000 |

## अनुसूची ९ बिक्रि तथा निकासी कर

| सि.नं | विवरण | इकाई | प्रति इकाइ दर रु |
|---|---|---|---|
| १ | ढुङ्गा | घन मिटर | प्रदेश आर्थिक ऐन वमोजिम |
| २ | गिट्टि | घन मिटर | प्रदेश आर्थिक ऐन वमोजिम |
| ३ | वालुवा | घन मिटर | प्रदेश आर्थिक ऐन वमोजिम |

| काठ निकासि कर | | | |
|---|---|---|---|
| सि.नं | विवरण | इकाइ | प्रति इकाइ दर रु |
| १ | सालको काठ | घन फिट | १०० |
| २ | अन्य काठ | घन फिट | २५ |

प्रमाणित गरिन्छ

उक्त श्रोत बाट आ व २०७७/७८मा आन्तरिक राजस्व रु २८००००० -(अठ्ठाईस लाख मात्र ) प्रक्षेपण गरियो ।

निर्णय नं २- प्रस्ताव नं २ माथि व्यापक छलफल गर्दा मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८को विनियोजन विधेयक एवं आर्थिक वर्ष २०७७/०७८को योजना कार्यक्रम तथा बजेट सभाको नियमित कार्यसूची अनुसार सभाका अध्यक्ष श्री पुजा देवि बुढा मगर ज्यूबाट प्रस्तुत भई यो विषयमाथि गाउँसभाका सदस्यज्यूहरूबाट व्यापक छलफल तथा बहस भई सभाध्यक्ष ज्यूद्वारा निर्णयार्थ पेश गरेको हुँदा मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८को वार्षिक विनियोजन विधेयक २०७७ एवं आर्थिक वर्ष २०७७/०७८को योजना तथा कार्यक्रम बजेट एघारौं गाउँसभाबाट सर्वसम्मत रूपमा पारीत गरीयो।

प्रमाणित गरिन्छ

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कैलाली

## विनियोजन ऐन

ाउँपालिका, कैलाली को आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७७/०३/१०

मोहन्याल गाउँपालिका, कैलालीको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मोहन्याल गाउँपालिका, कैलालीको गाउँ सभाले यो ऐन बनाएको छ ।

**नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मोहन्याल गाउँपालिका, कैलालीको विनियोजन ऐन, २०७७" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०७७/७८को निमित्त गाउँ कार्यपालिका, वडा समिति, ाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १२०.०० (अक्षेरुपी रुपैयाँ पैतालिस करोड छैसठ्ठी लाख उन्नाइस हजार एक सय बिस मात्र|) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न

**जन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८को निमित्त मोहन्याल गाउँपालिका, कैलालीको गाउँ ा, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी ा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च ाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

प्रमाणित गर्ने

Scanned with CamScanner

### ६. अनुमानीत आय तथा व्यय :-

सभाध्यक्ष महोदय अव म आ.व २०७७।७८ को आय तथा व्यय को अनुमान पेश गर्न अनुमति चाहन्छु ।

आ.व २०७७।७८ मा आन्तरिक राजस्व, वित्तिय हस्तान्त्रण तथा अन्य श्रोतवाट रु ४५,६६,१९,१२०। ( अक्षरेपि रु पैचालिस करोड छयासट्टी लाख उन्नइस हजार एकसय बीस मात्र) आय प्रक्षेपण पेश गरेको छु । उत्त राजस्व प्राप्तिका श्रोतहरु यस प्रकार रहेका छन् ।

# आय विवरण

आ.व. २०७७/७८

रु. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को अनुमान |
|---|---|
| **आयः** | **४56619.12** |
| **राजस्वः** | **111927.12** |
| आन्तरिक राजस्व | 28०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रदेश सरकार | 2529 |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम नेपाल सरकार | ९४066 |
| अन्य आय- गत आ व को अल्या | 12532 |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **303477** |
| नेपाल सरकारबाट प्राप्त | 91600 |
| प्रदेश सरकारबाट प्राप्त | ६977 |
| नेपाल सरकारवात प्राप्त ससर्त अनूदान | 204900 |
| अन्तर स्थानीय तहबाट प्राप्त | ० |
| **जनसहभागिताः** | ० |
| नगद सहभागिता | ० |
| श्रम तथा वस्तुगत सहायता | ० |
| **समपुरक अनुदान** | **27315** |
| नेपाल सरकारबाट प्राप्त | १0000 |
| प्रदेश सरकारबाट प्राप्त | १7315 |
| **बिषेस अनुदान** | **13900** |
| नेपाल सरकारबाट प्राप्त | 9००० |
| प्रदेश सरकारबाट प्राप्त | 4900 |



Scanned with CamScanner

उक्त श्रोत तर्फबाट संकलित आयको बाट तपशिल क्षेत्रमा खर्च हुने गरि रकम विनियोजन गरेको छु ।

| संकेत नं. | शीर्षक | आ.व.२०७७/७८ को अनुमान |
|---|---|---|
| १० | **आर्थिक विकास** | १७०००००० |
| १०१० | कृषि/पशु अध्धक्ष कृषि आधुनिकरण परियोजना | १५०००००० |
| १०२० | पर्यटन | २०००००० |
| २० | **सामाजिक विकास** | ३५०००००० |
| २०१० | शिक्षा | १२०००००० |
| २०२० | स्वास्थ्य | १२०००००० |
| २०३० | खानेपानी तथा सरसफाइ | ४९००००० |
| २०४० | खेलकुद तथा मनोरञ्जन | ११००००० |
| २०५० | लैगिक समानता तथा सामाजिक समावेशीकरण, द्धन्द पिडित र अपाङ्गता, युवा को लागि कार्यक्रम | ५०००००० |
| ३० | **पूर्वाधार विकास** | ११५०००००० |
| ३०१० | स्थानीय सडक, पुल , झोलुङ्गेपुल तथा अन्य पूर्वाधार | ५०००००००० |
| ३०२० | अध्यक्ष पूर्ण सिंचाई युक्त गाउँ पालिका योजना | ३०००००००० |
| ३०३० | बहुवर्षिय सडक( कुइने सोल्टा १, कुइने सोल्टा २, फल्याविसौना खण्ड, सिमलि खिमडी सडक,तालबन्द कटोजे खनियाताल र बसन्तगडा चायाँभावर चोसेकाडा राक्सा सडक खण्ड) | ३५०००००० |
| ४० | **वातावरण तथा विपद व्यवस्थापन कोभिड १९ सहित** | ८०००००० |
| ५० | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | ४०००००० |
| ५०१० | अनुसन्धान तथा विकास | ४०००००० |
| ६० | मेशनरी ( हाइड्रोलिग ट्याक्टर १ वटा खरिद ) | २५००००० |
| 61 | हरेक जनताको घर उपाध्यक्षको नजर (खर रहित घर) | २५००००० |
| ७० | **समपुरक कोष** | २५०००००० |
| ८० | **कार्यालय चालु** | ४२७१९१२० |
| ९० | **ससर्त चालु** | २०४९००००० |
| | **जम्मा** | ४५६६१९१२०/– |

सभाध्यक्ष महोदय

**अब म आर्थिक वर्ष २०७७/७८को खर्च तर्फको चालु वजेट पेश गर्न अनुमति चाहन्छु।**

१.कृषि र पशु तर्फ कार्यक्रम तर्फ अध्यक्ष कृषि आधुनिकरण परियोजनामा रु **एक करोड पचास लाख मात्र** विनियोजन गरेको छ।

२.पर्यटन विकास कार्यक्रम तर्फ रु **बिस लाख** मात्र विनियोजन गरेको छ।

३. लैंगिक समानता तथा समाजिक समावेसिकरण, द्वन्द पिडित, अपाङ्गता भएका व्यतिहरु को लागि कार्यक्रम तर्फ रु **पचास लाख** मात्र विनियोजन गरेको छ।

४. गाउँपालिकाको शिक्षा सम्बन्धि समग्र विकासको लागि रु **एक करोड बीस लाख** मात्र लाख विनियोजन गरेको छ।

५.स्वस्थ्य तर्फको समग्र विकासको लागि रु एक करोड विस लाख रकम विनियोजन गरेको छ।

६.कार्यलय को सम्पूर्ण चालु खर्च तर्फ रु **चार करोड सत्ताईस लाख उन्नाईस हजार एक सय बीस** विनियोजन गरेको छ।

७ ससर्त अनुदान अन्तरगत कार्यक्रम तर्फ रु **बीस करोड उन्पन्चास लाख** विनियोजन गरेको छ।

८. खेलकुद तथा मनोरञ्जन तर्फ रु **एघार लाख** रकम विनियोजन गरेको छ।

यसरी आ.व २०७७७८ को लागि रु **उनन्तीस करोड त्रियानब्बे लाख उन्नाईस हजार एक सय बीस** रकम विनियोजन गरेको छ।

***सभाध्यक्ष महोदय अब म आ.व २०७७७८ को लागि यस गाउँपालिकाको पुजिगत तर्फ विनियोजित वजेट यस सभामा पेश गर्ने अनुमति चाहन्छु।***

१. खानेपानी तथा सरसफइमा रु **उन्पचास लाख** रकम विनियोजन गरेको छ।

२. कुइने सोल्टा सडक खण्ड १, कुइने सोल्टा सडक खण्ड २, फल्याविसौना सडक खण्ड,सिमलि खिमडी सडक खण्ड,तालबन्द,कटौजे खनियाताल र बसन्तगडा चायाभावर चोसेकाँडा राक्सा वहुवर्षिय सडक निर्माण योजनामा रु **तीन करोड पचास लाख** रकम विनियोजन गरेको छ।

३.गाउँपालिका अन्तरगत अन्य स्थानीय सडक तथा पुर्वाधार, भ्मो.पु निर्माणको लागि रु **पाँच करोड मात्र** रकम विनियोजन गरेको छ।

४. अनुसन्धान तथा विकासको लागि रु **चालिस लाख** विनियोजित गरेको छ।

६.समपुरक अन्तरगत रु **दुइ करोड पचास लाख मात्र** रकम विनियोजित गरेको छ।

७. अध्यक्ष पूर्ण सिचाई युत्त गाउँपालिका अन्तरगत रु **तिन करोड मात्र** रकम विनियोजन गरेको छ।

८..जे.सि.वि. सञ्चालानार्थ सहयोगको लागि एक वटा हाईड्रोलिग टेक्टर खरिद गर्न रु.**पच्चिस लाख मात्र** विनियोजन गरेको छ।

९. प्रत्यक जनताको घर उपाध्यक्षको नजर खर रहित घर कार्यकम अन्तरगत सोलार र टिनको पाता वितरणका लागी **रुपैया पच्चिस लाख मात्र** विनियोजन गरेको छ।

समग्रमा आ.व २०७७७८ को लागि पुजिगत तर्फ रु सोह्र करोड तेह्र लाख रकम विनियोजन गरेको छ।

मोहन्याल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बिमडी, कैलाली सुदूरपश्चिम प्रदेश २०७३

निर्णय नं ३ - प्रस्ताव नं ३ माथि व्यापक छलफल गर्दा मोहन्याल गाउँपालिकाको छैटौं गाउँ अधिवेशनमा सभाध्यक्ष ज्यूद्वारा निर्णयार्थ पेश भएको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक योजना कार्यक्रम तथा बजेट विनियोजन योजना छनौट गर्ने संशोधन गर्ने सम्पूर्ण अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने प्रस्ताव ध्वनी मतका साथ सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं ४ - प्रस्ताव नं ४ माथि व्यापक छलफल गर्दा मोहन्याल गाउँपालिकाको छैटौं गाउँसभा अधिवेशनमा सभाध्यक्ष ज्यूद्वारा निर्णयार्थ पेश भएको गाउँपालिकाको अन्तर्गतका गौरवका योजनाहरूका लागि प्रदेश तथा संघीय सरकार संग आवश्यक बजेट माग गर्ने प्रस्ताव ध्वनी मतका साथ सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं ५ - प्रस्ताव नं ५ माथि व्यापक छलफल गर्दा मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को गाउँकार्यपालिकाले गरेका निर्णयहरू अनुमोदन गर्ने प्रस्ताव सभाध्यक्ष ज्यूद्वारा सभामा निर्णयार्थ पेश हुँदा प्रस्ताव ध्वनी मतका साथ सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं ६ - प्रस्ताव नं ६ माथि व्यापक छलफल गर्दा मोहन्याल गाउँपालिकाको छैटौं गाउँसभा अधिवेशनमा विधेयक समिति मार्फत मस्यौदा भइ आएका निर्देशिका तथा नियमावलीहरू पारित गर्नका लागि सभाध्यक्ष ज्यूद्वारा निर्णयार्थ पेश हुँदा प्रस्ताव ध्वनी मतका साथ सर्वसम्मत रूपमा पारित गरियो।

तपसिल :

१) खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका - २०७७
२) जलस्रोत नियमावली २०७७
३) मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका - २०७७
४) स्थानीय राजपत्र - २०७७
५) प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन) - २०७७
६) गाउँकार्यपालिकाको कार्यविभाजन ~~नियमावली~~ नियमावली - २०७७
७) गाउँकार्यपालिकाको कार्यसम्पादन नियमावली - २०७७
८) पदाधिकारीहरूको आचारसंहिता - २०७७
९) गाउँसभा सञ्चालन कार्यविधि - २०७७

निर्णय नं ७ - प्रस्ताव नं ७ माथि व्यापक छलफल गर्दा मोहन्याल गाउँपालिकाको आ.व. २०७६/०७७ मा टेण्डर प्रक्रियामा गएका देहायबमोजिमका लिफ्ट सिंचाई आयोजनाहरूलाई आ.व. २०७८/०७९ मा क्रमागत योजनामा समावेश गरी मोहन्याल गाउँपालिकाबाट रकम लगानी गर्ने प्रस्ताव सभाध्यक्ष ज्यूद्वारा निर्णयार्थ पेश हुँदा प्रस्ताव ध्वनी मतका साथ सर्वसम्मत रूपमा पारित गरियो।

तपसिल :-

मोहन्याल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बिमडी, कैलाली सुदूरपश्चिम प्रदेश २०७३

Scanned with CamScanner

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

१) पूर्व खोल्टा लिफ्ट सिंचाई योजना रु १०२००००० अक्षेरुपी एक करोड दुई लाख
२) तारिखेचा लिफ्ट सिंचाई योजना रु २,६५,००००० अक्षेरुपी दुई करोड पैसट्ठी लाख
३) बिर्सेत लिफ्ट सिंचाई योजना रु १३३,०००००/- अक्षेरुपी एक करोड तेत्तीस लाख
४) पोमागाडा लिफ्ट सिंचाई योजना रु १६५००००० /- अक्षेरुपी एक करोड पैसट्ठी लाख
५) श्री भृकुटी मा.वि ६ कोठे भवन निर्माण योजना रु ३०,००००० संघबाट विशेष अनुदान
६) कालिका आ.वि भवन निर्माण वडा नं २ चिरकुटे - प्रदेश सरकारसँग निरन्तरताको लागी माग गर्ने
७) तालबन्द कटेनी खिमडी सडक खण्ड - प्रदेश सरकारसँग निरन्तरता लागी माग गर्ने
८) राजबाडा - चौपखेडा सडक खण्ड - प्रदेश सरकारसँग निरन्तरताको लगी माग गर्ने
९) बिच खोल्टा लिफ्ट सिंचाई योजना रु १२२००००० अक्षेरुपी एक करोड बाइस लाख
१०) रांगामकेरा लिफ्ट सिंचाई योजना रु १५८००००० - अक्षेरुपी एक करोड अन्ठाउन्न लाख
११) अगिड्रे लिफ्ट सिंचाई योजना रु २,३००००००/- अक्षेरुपी दुई करोड तिस लाख
१२) कनतिकोट लिफ्ट सिंचाई योजना रु २,३६,०००००/- अक्षेरुपी दुई करोड छत्तिस लाख

निर्णय नं. ८- प्रस्ताव नं ८ माथी छलफल गर्दा यस मोहन्याल गाँउपालीकाको निति, ऐन, नियमावली, निति, नियम, मापदण्ड लगायत त्यसिकै सम्बन्धित निर्माण गर्नुपर्ने विषयहरुको समाधान गर्नका लागी लम्की चुहा नगरपालीका २, कैलाली दर्ता ठेगाना भएको श्री विपी कानुनी सेवा केन्द्र नामक कानुनी व्यवसायीको कार्यालय संग बार्षिक रु ३००००० अक्षेरुपी तिन लाख मात्र सेवा परामर्शको रुपमा सम्झौता गरी कार्यान्वयन गर्ने प्रस्ताव सभाध्यक्षज्यूबाट निर्णयमा पेश हुन गई २०७८ श्रावण १ गते देखी लागु हुने गरी आवश्यक कानुनी सेवा परामर्शका लागी सम्झौता गर्ने प्रस्ताव एकमतका साथ सर्वसम्मत रुपमा पारीत गरीयो।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथी छलफल गर्दा मोहन्याल गाउँपालीका अन्तर्गत पर्ने राजपती पुटे संरक्षित क्षेत्र भित्र पर्ने मस्टबोले धामको संरक्षण तथा सम्बर्द्धनका लागी बैशाखीक वनको नाममा गर्नुपर्ने प्रस्ताव सभाध्यक्षज्यूबाट निर्णयमा पेश हुँदा सो विषयमा व्यापक छलफल पश्चात उक्त प्रस्ताव एकमतका साथ सर्वसम्मत पारीत गरीयो।

निर्णय नं. १०- प्रस्ताव १० माथी छलफल गर्दा पातिमहज स्यिखापानी, खिमडी सञ्चालनका लागी गाउँकार्यपालीकाबाट वैदेशीक आवश्यक बजेट विनियोजन गर्ने प्रस्ताव सभाध्यक्षज्यूबाट निर्णयमा पेश हुँदा सो प्रस्ताव एकमतका साथ सर्वसम्मत रुपमा पारीत गरियो।

निर्णय नं. ११. प्रस्ताव नं. ११ माथी छलफल गर्दा राजबाडा, चौपखेडा बिर्सेत र सिखापानी, खोल्टा, खिमडी र खतया नालबाट मोटर बाटो निर्माणको प्रस्ताव सभाध्यक्षज्यूबाट निर्णयमा पेश हुँदा सो प्रस्ताव एकमतका साथ सर्वसम्मत रुपमा पारीत गरीयो।

प्रमाणित गरिन्छ, [signature]

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

Scanned with CamScanner

निर्णय नं. १२- प्रस्ताव नं. १२ माथी छलफल गर्दा यस मोहन्याल गा.पा. अन्तर्गत सञ्चालनमा आएका सामुदायिक वन उपभोक्ता समिति विधानमा उल्लेखित उद्देश्य अनुसार दिगो वन व्यवस्थापन गर्न नसकेर वन फडानी गर्ने उद्देश्यले बस्तीको पहुँच नभएको घनघोर जंगलमा सामुदायिक वन दर्ता गरी रहेकाले सोलाई नियमन गरी कानुनबमोजिम गर्न गराउनका लागि सम्बन्धित मन्त्रालयमा पत्राचार गराउने निर्णय सभाध्यक्षज्यूबाट पेश भएको हुँदा सो प्रस्ताव छलफल मतका साथ सर्वसम्मत रुपमा पारीत गरीयो।

निर्णय नं. १३- प्रस्ताव नं. १३ माथी छलफल गर्दा यस नीति तथा कार्यक्रममा समेटिएका विषयहरु तथा योजनाहरु क्रमश प्राथमिकताका साथ विषयगत क्षेत्र अनुसार बजेटमा समावेश गर्ने निर्णय सभाध्यक्ष ज्यूबाट सभामा पेश हुँदा सो प्रस्ताव छलफल मतका साथ सर्वसम्मत रुपमा पारीत गरीयो।

निर्णय नं. १४- प्रस्ताव नं. १४ माथी छलफल गर्दा यस मोहन्याल गा.पा.मा प्रायजसो जनजाति आदिवासी, लोपउन्मुख, दलित र सुकुम्बासी हरुको बसोबास भएकोले आवास सुविधाबाट सुरक्षित आवास बनाउन नसक्ने अवस्था भएकोले यस गा.पा.मा जनता आवास कार्यक्रम माग गर्ने प्रदेश र संघीय सरकारमा माग गर्ने प्रस्ताव सर्वसम्मत पारित गरीयो।

निर्णय नं. १५- प्रस्ताव नं. १५ माथी छलफल गर्दा यस कैलाली जिल्लाको पहाडी क्षेत्रमा पर्ने विकट पहाडी क्षेत्रमा रहेको गाउँपालिकाको ६५९ वर्ग किलोमिटर क्षेत्रफल पहाडी भूभागमा पर्दछ र बस्ती पनि छरिएर रहेको भएकोले त्यस ठाउँमा बसोबास गर्ने जनताहरुलाई गा.पा.को तर्फबाट प्रवाह गरीने सेवा सुविधाहरु जस्तै (सम्पूर्ण) पुर्‍याउन यातायातको कठिनाइले गर्दा नसक्ने भएकोले यस गा.पा.का कार्य जनतालाई सहज तरिकाले पुर्‍याउन भनी यस अघि गाउँसभा, जिल्ला सभा र प्रदेश सभाले समेत निर्णय गरीसकेको हुँदा पनि हाल सम्म कार्यान्वयन हुन नसकेकोले सम्बन्धित व्यवस्थापनका लागि प्रदेश सरकार मार्फत केन्द्र सरकारमा पठाउने निर्णय सर्वसम्मत रुपमा पारीत गरीयो।

निर्णय नं. १६- प्रस्ताव नं. १६ माथी छलफल गर्दा कैलाली जिल्लाको पहाडी क्षेत्रमा पर्ने साविक सुगरखाल, पण्डौन र मोहन्याल गा.वि.स. लाई समावेश गरी मोहन्याल गाउँपालिका कायम भएको अवस्थामा जिल्ला प्राविधिक समितिले मोहन्याल गाउँपालिकालाई दुर्गम तथा विकट क्षेत्र घोषणा गर्न सिफारिस गरेको ३ वर्ष भइसक्दा पनि सो सम्बन्धमा हाल सम्म केही निर्णय नभएकोले यस गा.पा.लाई 'दुर्गम ख' कायम गरी यस गा.पा.मा विशेष कार्यक्रम सञ्चालन गर्न केन्द्र र प्रदेश सरकारमा पठाउने निर्णय सर्वसम्मत रुपमा पारीत गरीयो।

गाउँपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

Scanned with CamScanner

# मोहन्याल गाउँपालिका

## छैठौंगाउँसभा अधिवेशनमा प्रस्तुत
## आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

### स्वास्थ्य, शिक्षा, रोजगार र कृषिमा आधुनिकिकरण !
### विकासका लागि पुर्वाधार र पर्यटनमा सहजिकरण!!

**गाउसभा बैठकका अध्यक्ष ज्यू,**
**सभाका सचिवज्यू,**
**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**गाउपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु,**
**पत्रकार मित्रहरु,**

शुभारम्भमा सुदुरपश्चिम प्रदेश अर्न्तगत कैलाली जिल्लाको उत्तर पुर्वी तर्फ रहेको मोहन्याल गाउपालिकाको प्राकृतिक तथा सास्कृतिक सम्पदाले भरिपुर्ण हरियाली चुरे क्षेत्र **मोहन्याल गाउँपालिकाको** सम्मानित छैठौं गाउँसभा अधिवेशनको शोभा वढाउन उपस्थित यहाँहरु सम्पूर्णलाई हार्दिकताका साथ स्वागत ज्ञापन गर्न चाहन्छु ।

मोहन्याल गाउपालिकाको ऐतिहासिक छैठौं गाउसभाको अधिवेशनसम्म आईपुग्दा विगतका गाउसभाहरुद्धारा पारित नीति, कार्यक्रम, योजना तथा बजेटलाई कार्यान्वयन गरेर गाउपालिकाको समृद्धिको जनआकांक्षा पुरा गर्नका निम्ति जनादेश प्राप्त गरेको स्वर्णीमऐतिहासिक दिनदेखि आज सम्मानित छैठौं गाउसभा अधिवेशनमा उपस्थित भएको यो महत्वपूर्ण घडीसम्ममा विकास र सकारात्मक परिर्वतनको गतिलाई अतुलनिय योगदान पुर्‍याउनुहुने गाउँसभाका सवै सदस्य ज्यूहरुप्रति आभार प्रकट गर्दछु ।

यस अवसरमा विभिन्न कालखण्डमा राष्ट्रिय स्वाधिनता र स्वाभिमानको लडाई, राजनितिक,सामाजिक एवं आर्थिक परिर्वतनको लडाई तथा समानता र सामाजिक न्यायको लडाईमा आफ्नो अमुल्य जिवनको बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रदाञ्जली र घाईते अपाङ्ग वेपत्ता तथा जनआन्दोलनका घाईते नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

**अध्यक्ष महोदय,**

विगतका गाउँसभामा मैले प्रस्तुत गरेका विकासका योजनाहरु लाई मुर्तरुप दिनका लागि गाउँवासी जनताको एकदमै प्रशंसनीय सहभागितालाई जिवन्त स्मरण गरिरहनेछु । स्थानिय तहको निर्वाचन अन्तर्गत महोन्याल गाउँपालिकामा जनताको ठुलो विश्वासबाट निर्वाचित भई पदभार समालेको चौथो बर्षमा प्रवेश गर्दा गाउँवासीले दिएको अपार माया रममताबाट प्रेरित भई यो गाउँपालिकालाई एकिकृत दिगो विकासको बाटोमा अघि बढाई गाउँको विकासलाई समृद्धि तर्फ अघि बढाउन आर्थिक बर्ष २०७७/ ०७८ को निति तथा कार्यक्रम यस गरिमामय गाउसभा समक्ष प्रस्तुत गर्नपाउँदा एकदमै खुशी महशुस भएको छ ।
। अघिल्लो बर्ष पारित गरिएकोनीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि मोहन्याल गाउँपालिकाकोनीति, योजना तथा कार्यक्रमहरु लाई प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्नुहुने सिंगो जनप्रतिनिधिको टिम, कर्मचारी संयन्त्र स्थानीय राजनीतिक दल, बुद्धिजिबी,नागरिक समाज र आमसंचार माध्यमको भूमिका अझ अनुगमनलाई मूख्य आधारबनाई कार्यान्वयन गर्नका लागि मोहन्याल सरकारले दुरदृष्टिका साथ अगाडी बढ्ने लक्ष्य लिएको छ ।

Scanned with CamScanner

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) कारण देश यतिका दिनसम्म पुरै लकडाउन हुँदा मोहन्याल गाउपालिकाको आर्थिक वर्ष २०७६/०७७ को योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा ठुलो चुनौति सृजना भएको छ। यस्तो संकटपूर्ण अवस्थाबाट गुज्रिरहेको आजको यो समयमा विकासको गतिलाई निरन्तरता दिनु हाम्रा सामु एक अर्को चुनौति रहेको छ। गाउँपालिका क्षेत्रभित्रस्वच्छ खानेपानी, फोहोरमैला व्यवस्थापन, कृषिमा आधुनिकिकरण, पर्यटकिय क्षेत्रको विकास, उर्जा आपूर्ति, सूचना प्रविधि, सिचाई, पुल, उच्च स्तरिय सडक निर्माण, विद्युत, शिक्षा, यातायात, नदी कटान व्यवस्थापन, साँस्कृतिक सम्पदाको संरक्षण लगायत महिला, दलित, अपांग, बालबालिका, जनजाति, जेष्ठ नागरिक, मद्येशी, मुस्लिम र युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न र विकासका योजनाहरुलाई एकिकृत योजनाका साथ सम्बोधन गरी अगाडि बढने योजना बनाएको छु।

मोहन्याल गाउपालिकाले गाउपालिकालाई सर्वाङ्गीण दिगो विकास र समृद्धिको मार्गमा द्रुत गतिमा अघि बढाउन अनेकतामा एकताको सुत्रमा गोलबन्धित भई आ-आफ्नो भुमिका र स्थानबाट सहयोग गरिदिनहुन सम्पुर्ण गाउँवासीहरुमा हार्दिक अपिल गर्दै गाउँपालिकाको चालु आर्थिक वर्षको समिक्षा तथा आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमहरु यस गरिमामय गाँउ सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**अध्यक्ष महोदय,**

सर्वप्रथम म आर्थिक आर्थिक वर्ष २०७६/०७७मा प्रस्तावित योजना तथा कार्यक्रमको सारसंक्षेप प्रस्तुत गर्न चाहान्छु।

१ मोहन्याल गा.पा अर्न्तगत पर्ने वडा नं २,३,४,६र ७ मा पर्ने सडकहरु कालोपत्रे गर्ने योजना अनुरुप क्रमागत बजेटमा समावेश गर्दै काम सञ्चालन भइरहेको र यो वर्ष अन्तीम चरणमा पुगेको छ।

२ मोहन्याल गा.पा अर्न्तगत पर्ने वडा नं ५ राजीपुर, बालुवागडा ,कटौजे खनीयाताल साथै तालबन्द कटौजे, पाल्सा र बिरखेतमा नंया मोटरबाटो निमार्ण कार्यको ट्र्याक खोल्ने काम शुरु भएको छ।

३ वडा नं ३ को फलेबिसौनामा क्रमागत रुपमासञ्चालन भइराखेको खानेपानी योजना यही बर्ष सम्पन्न गरिनेछ।

४मोहन्याल गाउपालिका अर्न्तगत वडा १, २, ३ र ७ नं. मा आधारभुत स्वास्थ्य केन्द्र निर्माण कार्य यसै आ. व. मा सम्पन्न गरिने छ।

५. मोहन्याल गा पा. वडा नं. ४ मा पर्ने भृकुटी मा वि खिमडीको ६ कोठे भवन र मोहन्याल आ.वि. खलुबलु को ५ कोठे भवन निर्माण कार्य अन्तिम चरण पुगेको छ।

६ मोहन्याल गा.पा. वडा नं. ६ स्थित सोल्टामा निर्माणाधिन जेष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माण कार्य यसै आर्थिक वर्ष सम्पन्न गरिनेछ।

७. मोहन्याल गा.पा. वडा नं. ६ को वडा कार्यालय भवनको निर्माण कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ ।

८. मोहन्याल गा.पा. वडा नं. ३ को राजिरेक्चादेखि राङ्गामलेखासम्म जोड्ने मोटर बाटो निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

९. चिरकट्टे खलुबलु कटौजे मोटर बाटो निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। चालु आर्थिक वर्षभित्रै उक्त निर्माण कार्य सम्पन्न गरिनेछ।

१०.अध्यक्ष कृषि आधुनिकिकरण कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएको छ।

११.मोहन्याल गा.पा. वडा नं. ४ पटेनी पौमागडा लिफ्ट सिचाई आयोजना निर्माण कार्य सुचारु भएको छ।

१२. वडालाई दिएको सिलिङका आयोजनाहरु यसै आर्थिक वर्षभित्र प्रभावकारी रुपमा सम्पन्न भएका छन।

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

Scanned with CamScanner

१३. राजकाडा , सुगरखाल , चोसेकाडा हुदै बिरखेत सम्म मोटरबाटो निर्माण कार्यको थालनी गरिएको छ ।

१४. विषयगत शाखा अर्न्तगत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका छन ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७७/०७८ वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

[redacted]

१ नेपालको संविधान,
२ संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
३ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य वित्तिय नीतिहरु,
४ स्थानिय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था,
५ प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ,
६ टोलबस्ती तथा वडा भेलाबाट प्राथमिकिकरण गरी आएका योजनाहरु,
७ विषयगत समितिको बैठकबाट आएका महत्वपूर्ण नीतिगत विषयहरु,
८ राजश्व परामर्श समितिको बैठकका निर्णयहरु,
९ हालसम्मका गाँउसभाहरुले पारित गरेका निर्णयहरु,
१० अन्तर सहकारी वित्त व्यवस्थापन ऐन, २०७४
११बजेट तर्जुमा दिग्दर्शन २०७४,
१२ स्थानीय स्रोत साधन,
१३ विकासका अन्तरसम्बन्धित विषयहरु ।

यस संगै आर्थिक वर्ष २०७७/०७८ मा कार्यान्वयन हुने वार्षिक नीतिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

[redacted]

१ मोहन्याल गाँउपालिकाका नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढङ्गबाट सेवा प्रवाह गर्दै जनमुखी सेवाको अनुभुती गराईने छ ।
२ आर्थिक समृद्धि र विकासका विशेष जोड दिईने छ ।
३ सामाजिक, आर्थिक, साँस्कृतिक र राजनितिक रुपमा पछाडी परेका, राजी, मगर लगायतका विपन्न घरपरिवार, अनाथ, असहाय, दलित, महिला, अपाङ्ग, सडक वालवालिका, एकल महिला, एच आइ भि संक्रमित तथा श्रमिक वर्ग समुदायहरुलाई प्राथमिकतामा राखी लक्षित वर्गलाई आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
४ गाँउपालिकाको काम कार्बाहीमा विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, आर्थिक सुशासन तथा सामाजिक न्यायको सिद्धान्तलाई अंगिकार गरिनेछ

Scanned with CamScanner

५ जनताको जीवनस्तर माथी उकास्न स्थानीय ज्ञान, सीप, क्षमता र स्रोत साधनलाई बढवा दिई कृषिलाई आधुनिकीकरण गरी व्यवसायिमुखी बनाउने नीति अवलम्बन गरिनेछ।

६ गाँउपालिकालाई भ्रष्टाचारमुक्त बनाउन शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

७ गाँउपालिकाका वडाहरुको कार्य संचालनका लागि नियमित प्रकृतिका गर्नु पर्ने चालु खर्चहरुको मासिक सिमा सहित वार्षिक सिलिङ्ग निर्धारण गरिने छ।

८ युवा बेरोजगारहरुका लागि रोजगारमुखी कार्यक्रमहरु संचालन गरिनेछ।

९ **अध्यक्ष कृषि आधुनिकिकरण**कार्यक्रम निरन्तरता दिईनेछ।

१० गाँउपालिकाको राजश्व संकलन सुदृढीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

११ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गरिनेछ।

१२ गाँउपालिकामा आवश्यक ऐन, नियम, नियमावली, कार्यविधिहरु निर्माण गरी स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरुलाई थप मजबुत बनाईनेछ।

१३ मोहन्याल गाँउपालिकाको आर्थिक वर्ष २०७६/०७७मा संचालित केहि अधुरा योजनाहरुलाई क्रमागत योजनामा समावेश गरि आर्थिक वर्ष २०७७/०७८ मा पनि निरन्तरता दिईनेछ।

१४ योजनाको सम्झौता नगरी योजना कार्यन्वयन गरेको पाईएमा वा सम्झौता अनुसारको योजना संचालन हुन नसकेमा योजना स्वत: रद्द गरिने छ।

१५ सामुदायिक वनहरुलाई आय आर्जन तथा उत्पादनमूखी बनाईनेछ।

१६ एउटै व्यक्ति अलग अलग उपभोक्ता समितिको अध्यक्ष तथा पदाधिकारी हुन नपाउने र उपभोक्ता समिति गठन गर्दा निर्माण व्यवसायी, वहालवाला स्थायी कर्मचारी, जनप्रतिनिधीहरुलाई उपभोक्ता समितिका पदाधिकारीमा राख्न नपाउने व्यवस्था कडाइका साथ लागु गरिनेछ।

१७ राजकाडा , सुगरखाल , चोसेकाडा हुदै विरखेत र चिसापानी , सोल्टा, ताम्चा ,कोल्तडी हुदै खिमडीसम्म मोटरबाटो निर्माण कार्यको थालनी गरिनेछ।

१८ कुनै पनी योजना हरुको DPR ,लागत स्टमेट विना योजनाहरु कार्यन्वयन गरीने छैन।

१९ टेन्डरमा गएका सम्पुर्ण बहुबर्षिययोजनाहरुको आवश्यक वजेटको व्यवस्था गरीने छ।

२० भौतिक पूर्वाधारको कामलाई प्रभावकारि बनाउनको लागि मानव संसाधन तथा सामाग्रिहरुको थप ब्यावस्थापन गरिने छ।

२१ **प्रत्यक जनताको घर उपाध्यक्षको नजर**, कार्यक्रम लागु गरि पूर्णरुपमा खरको छाना मुक्त गरि टिन र उज्यालो गाउपालिका बनाउनसोलार बितरण गर्न प्रदेश र केन्द्र सरकार संग समन्वय गरिने छ।

२२ जल उपयोग गरुयोजना अर्न्तगत कार्यान्वयन गरिने सम्पुर्ण खानेपानि तथा सरसफाई योजानाहरुमा साझेदारि गरिने छ।

२३ एकिकृत बस्ति व्यवस्थापन कार्यक्रम लागु गर्न संघिय सरकारसँग माग गरिने छ।

२४ सुगम मानियको कैलाली जिल्लाको दुर्गम यो गाउपालिका कुनै पनि यातायात सञ्जाल संग नजोडिएको, पहाडि क्षेत्र भएकोले यस गाउपालिका लाई अति दुर्गम क्षेत्र घोषणा गर्ने भनि जिल्ला प्राविधिक समितिले समेत सिफारिस गरि पठाएको तिन बर्ष भइसक्दा पनि केन्द्रले ध्यान नदिएको कारण यसलाइ बिकट क्षेत्र घोषणा गरि विषेश कार्यक्रम सञ्चालन गर्ने भनि केन्द्रमा अनुरोध गरिने छ।

२५ बिषयगत शाखा अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार लगायत सम्पूर्ण शाखाको कामलाइ प्रभावकारि रुपमा सञ्चालन तथा ब्यावस्थापन गर्नको लागि विधुतिय हाजिरिको ब्यावस्था मिलाईने छ।

अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेटमा समेटिने गरी विषयगत क्षेत्र अर्न्तगतका नीति तथा कार्यक्रमहरु यस छैठौं नगरसभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## क. आर्थिक विकास क्षेत्र

**कृषि विकास तर्फकाकार्यक्रमहरु :**

१ किसानहरुको हितलाई मध्यनजर गरी अवधारणालाई प्राथमिकतामा राखी धान, कोषे बालि, मकै खेति, बेमौसमि तरकारी खेति लगायतका कार्यक्रमका लागि कृषि प्राविधिक, विउ, विजन, जोताई तथा किटनाशक औषधिहरुमा विशेष अनुदान लागु गरिने छ ।

२ गाउ सभाबाट स्वीकृत अध्यक्ष कृषि आधुनिकिकरण परियोजनालाई अभियानको रुपमा यस आ.व.मा पनि निरन्तरता दिईनेछ ।

३ गरिविको रेखामुनि रहेका गाउपालिकाबासीलाई आवश्यक बिउ बिजन तथा जैविक मलको विशेष व्यवस्थापन गरि कृषीपेशामा आकर्षित गरिनेछ ।

४ कृषिमा आधुनिकिकरण तथा बैज्ञानीकीकरणलाई जोड दिनका लागि उन्नत किसिमका बिउ बिजन तथा कृषि परामर्श सेवाकेन्द्रको व्यबस्थापन गरिनेछ ।

५ गाउपालिका क्षेत्र भित्र रहेका खाली बाँझो जमिनमा कृषि खेति गर्नका लागि प्रोत्साहन गरिनेछ ।

६ फलफुल विकास कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालनमा ल्याई अनिवार्य **एक घर ८० फलफुल** बिरुवा उत्पादन कार्यक्रम निरन्तरता दिई पकेट क्षेत्रको रुपमा लागु गरिनेछ ।

७ गाउपालिका क्षेत्रभित्र कृषि उत्पादन भुमिको पहिचानका लागि माटो परिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८ कृषिमा आधुनिकिकरण गर्न अविार्यरुपमा रहेको सिचाई उपलब्धताको लागि साना, मझौला तथा ठूला सिचाई योजना सन्चानल मार्फत कार्यन्वयन गरिने छ । सिचाई सम्बन्धि कार्यको लागि अध्यक्ष पूर्ण सिचाई युक्त गाउपालिका २०७५/७६ देखि २०७९/८० लाई कृषि कार्य सित तादम्यता गरिनेछ ।

९ कृषि तथा पशुलाई व्यवसायिमुखी बनाउन तीन महिने कृषि तालिम संचालन गरिनेछ ।

१० पुराना पकेट कार्यक्रमको निरन्तरता तथा नयाँ पकेट स्थापना गर्न विशेष पहल गरिनेछ ।

११ व्यवसायी कृषकहरुलाई कृषक अवलोकन भम्रण कार्यक्रम गरिनेछ ।

१२ गाउपालिका क्षेत्रभित्रका किसानहरुको पहिचान गरी उत्कृष्ट कृषक सम्मान कार्यक्रमको आयोजना गरिनेछ ।

१३ निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी कृषीलाई आधुनिकिकरण र ब्यावसयीकरण गर्ने निति अबलम्बन गरिने छ ।

**पशु विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

१४ पशु नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी संचालन गर्न वडागत रुपमा संचालन गरिनेछ ।

१५ पशु विकास अनुदान कार्यक्रममा सन्चालन गरिनेछ ।

Scanned with CamScanner

१६ पशुपालन ब्यावसायलाई ब्यावसायीकरण गर्नुका साथै पशु विमा कार्यक्रमका लागि सम्वन्धित निकाय संग समन्वय गरिने छ।

१७ पशु उपचार सेवालाई स्थानीय स्तरमा विस्तार बनाई सहज, सरल र सबैको पहुँच कायम गरिनेछ।

१८ निःशुल्क पशु बन्ध्याकरण कार्यक्रमलाई अभियानका रुपमा शुरु गरिनेछ।

१९ लक्षित वर्गको जीवनस्तर सुधार गर्न आय आर्जनका कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

२० व्यवसायिक पशु पालन कृषकहरुका लागि गोठ तथा खोर सुधार कार्यक्रम ल्याईने छ।

२१ पशुहरुको उत्पादकत्व क्षमता अभिवृद्धि गर्न कृषक समूह, समिति, फर्ममा घाँसे विकासका कार्यक्रमहरु लागु गरिने छ।

२२ व्यवसायिक रुपमा दर्ता भई सञ्चालन भएका पशु फर्म तथा व्यवसायिहरुलाई प्रोत्साहन स्वरुप पशु बिमा कार्यक्रम तथा नगद अनुदानका रुपमा जग्गा भाडा उपलब्ध गराउने कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

२३ पशु खोप कार्यक्रमलाई जोड दिईनेछ।

**सहकारी तथा गरिबी निवारण तर्फका नीति तथा कार्यक्रमहरु :**

२४ नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान तथा सिपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थासंगको समन्वयमा सरल र विनाधितो ऋणको व्यवस्थाका लागि पहल गरिने छ।

२५ गाउपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्ने नीति अबलम्बन गरीने छ।

२६ सहकारी आर्यआर्जन कार्यक्रमलाई र कृषि सहकारीहरु संग सहकार्यमा विशेष जोड दिइने छ।

२७ हरेक सहकारीको लेखा प्रणालीलाई व्यवस्थित गर्न आवश्यक तालिम प्रदान गरी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ।

२८ सहकारीलाई गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वृद्धिको मेरुदण्डको रुपमा विकास गरिनेछ।

२९ पर्यटन बोर्ड गठन गरि गुरु योजना तयार गरि पर्यटन पर्वद्धन गरिनेछ।

३० पर्यटन पर्वद्धन तथा पर्यटकीय हब विकासकालागि कर्णाली पितमारि देखि खिमडी सम्म जलयातायात सञ्चालनका लागि जेट मोटर बोट खरिद गर्न आवश्यक बजेटको व्यवस्था गर्नेछु।

३१ चिसापानि पितमारि गौतमबुद्ध मुर्ति स्थापना गर्नुका साथै पितमारि पिकनिक स्पोर्ट तयार गर्नका लागि आवश्यक बजेटको प्रबन्ध गर्नेछु।

३२ संस्कृतिको जगेर्ना तथा संरक्षण गर्न मगर तथा राजि समुदायका लागि **होम-स्टे**स्थापनाको लागि आवश्यक बजेट प्रबन्ध गरेकोछुँ।

३३ पुरातत्व तथा कला संस्कृतिको जर्गेना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग निर्माण गरी पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ।

३४ गाउपालिका क्षेत्रभित्रका विभिन्न मठ मन्दिर, चर्च, सत्संग भवन, लगायतका धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धनमा कार्यक्रममा जोड दिइने छ।

३५ राजकाडाँ पर्यटकिय स्थलमा भ्यूटावर निर्माणमा विशेष जोड दिईनेछ।

३६ त्रिवेणी धाम, मालिका मन्दिर, मोहन्याल मन्दिर को स्तरोउन्नतीका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ।

**उद्योग तथा वाणिज्य तर्फका नीति तथा कार्यक्रमहरु :**

३७ स्थानीय स्तरमा पाउरोटी, चाउमिन, हौजियारी सिलाई कटाई ,हातेकडाई, वुनाई,मैनवत्ति निर्माण,जस्ता साना, घरेलु तथा लघु उद्यमीहरुका लागि उत्पादनमुलक क्षेत्रमा प्रोत्साहन गर्न विशेष सहुलियत दिने नीति अबलम्वन गरीने छ ।

३८ गाँउ क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म, दर्ता नविकरण कार्य लाई व्यवस्थित गर्ने नीति अवलम्बन गरीने छ ।

## सामाजिक विकास क्षेत्र

**शिक्षा विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

१ स्थानिय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ ।

२ यसै आर्थिक वर्षभित्र गाउशिक्षा योजना निर्माण गरी शिक्षामा गुणस्तर कायम गरिनेछ । ।

३ विद्यालय जाने उमेर समुहका सवै बालबालिकाहरुलाई शिक्षाको पँहुचमा अनिवार्य गरिनेछ ।

४ गाउपालिका क्षेत्रभित्रका अनाथ/असहाय बालबालिकाहरुको पहिचान गरि अध्ययन अध्यापनको व्यवस्थापनका लागि यसै वर्षदखि पहल गरिनेछ ।

५ यसै आर्थिक वर्षभित्र साक्षर गाँउपालिका घोषणा गरिनेछ । यसका लागि आवश्यक बजेटको समेतको व्यवस्था गरिनेछ ।

६ शैक्षिक सुचाङ्क, सिकाई उपलब्धी, शैक्षिक गुणस्तर, प्रशासनिक दक्षता, पारदर्शि लेखा प्रणाली समेतका आधारमा उत्कृष्ट विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ· मापदण्ड एवं गुणस्तरमा कमजोर विद्यालयहरुलाई गुणस्तर सुधारका लागि कडा नियमन गरिने छ ।

७ गाँउपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा दलित, विपन्न, गरिबी, अपाङ्ग, असहाय तथा जनयुद्ध, जनआन्दोलनमा घाईते, वेपत्ता तथा शहिद परिवारका जेहेन्दार विद्यार्थीहरु तथा उच्च शिक्षाको अध्यनमा रहेका विद्यार्थीलाई केन्द्रित गरि **अध्यक्ष छात्रवृत्ति पुरस्कारको** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८ गाउपालिका क्षेत्रभित्र उपयुक्त ठाउँको पहिचान गरि **सामुदायिक पुस्तकालय र ई लाईवेरीको** स्थापना गर्न पहल गरिनेछ ।

९ पर्याप्त भौतिक पूर्वाधार नभएका सामुदायिक विद्यालयहरुलाई प्राथमिकताको आधारमा भौतिक रुपमा सुदृढिकरण गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

१० शिक्षा दिवसको महत्वपूर्ण अवसरमा शैक्षिक जगतमा उल्लेखनिय योगदान पुर्‍याएका शिक्षक, कर्मचारी तथा वार्षिक रुपमा उत्कृष्ट सिकाई उपलब्धि हासिल गर्ने विद्यालयलाई गाँउपालिकाद्धारा सम्मानित गरिने कार्यक्रलाई निरन्तरता दिईनेछ ।

११ सम्भावता अध्ययन गरि कृषि क्यापस संचालन गर्नका लागि पहल गरिनेछ ।

१२ वैज्ञानिक नक्सांकनका तथा आवश्यताका आधारमा विद्यालयहरुको स्थापना, विस्तार र समायोजन ( तहमिलान र मर्ज) गरिनेछ ।

१३ स्थानिय स्रोत शिक्षक र बालविकासमा अध्यापनरतलाई एकमुष्ठ प्रदान गरिदै आएको रकमलाई निरन्तरता दिदै अर्न्तराष्ट्रिय श्रम संगठन को मापदण्ड अनुसार ब्याबस्था गरिने छ ।

१४ गाउ शिक्षा योजना निर्माण गरि कार्यान्यवन गरिनेछ ।

१५ सामुदायिक विद्यालयका विद्यार्थी र शिक्षक अनुपात मिल्ने गरि अपुग शिक्षक दरबन्दी थप गर्न सम्बन्धित केन्द्रिय निकायमा पहल गरिनेछ ।

१६ शिक्षकलाई पेशागत काममा बढी केन्द्रित हुन अभिप्रेरित गरिनेछ ।



Scanned with CamScanner

१७ विद्यार्थीको हातमा पाठ्यपुस्तक र शिक्षकको हातमा पाठ्यक्रमकार्यक्रम प्रभावकारी रुपमा लागु गरिनेछ ।

१८ एक विद्यालय एक स्थायी दरवन्दिको ब्यबस्थापन गरिने छ ।

१९ विद्यालयहरुमा सोलार सहित इन्टरनेटको ब्यबस्था गरिने छ ।

२० प्राविधिक धारको शैक्षिक गुणस्तर, स्तर उन्नतिको लागि आवश्यक पहल गरिने छ ।

२१ आधारभुत तह विज्ञान प्रयोगशाला र माध्यामिक तह छात्रवृत्ती कार्यक्रम लागु गरिने छ ।

**खेलकुद विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

२२ गाँउपालिका स्तरिय **अध्यक्ष तथा उपाध्यक्ष कप** खेलकुद कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२३ सामुदायिक विद्यालयहरुमा खेलकुद तथा अतिरित्त क्रियाकलापहरु अनिवार्य रुपमा संचालन गर्न लगाइने छ ।

२४ वडा स्तरिय खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ ।

२५ गाउपालिका स्तरिय खेलकुद समिति बनाईने छ ।

**स्वास्थ्य विकास तर्फका नीति तथा कार्यक्रमहरु :**

२६ विश्वव्यापी फैलिएको कोरोना भावईरस (कोभिड-१९) को नियन्त्रण तथा रोकथामका लागि विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२७ कोरोना भाईरस (कोभिड-१९) बाट गाँउबासी जनतालाई सुरक्षित बनाउन अन्य स्थानीय पालिकाहरुसंग समन्वय गरी पि सि आर मेसन को व्यवस्थागर्न आवश्यक पहलकदमी गरिनेछ ।

२८ एम्बुलेन्स सेवालाई प्रभावकारी ढंगबाट सञ्चालनमा ल्याईनेछ।

२९ गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण सहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढंगले उपलब्ध गराइनेछ ।

३० लागुपदार्थ तथा बालदुर्व्यसनिमा फसेका युवाहरुका लागि मनोविमर्श कार्यक्रम मार्फत जनचेतना जगाउने कार्यलाई निरन्तरता दिईनेछ ।

३१ HIV संक्रमितहरुका लागि जनचेतनामूलक कार्यक्रमका साथै ART Center सञ्चांलन गरि औषधी सहज उपलब्ध गराउने व्यवस्था गरिने छ ।

३२ गाउपालिका सबै वडाहरुमा स्वास्थ्य इकाइहरुको स्थापनाकालागि सम्बन्धित निकायसंग समन्वय गरिनेछ ।

३३ स्थानिय निकायमा सुगरखाल स्वास्थ्य चौकीलाइ स्तरउन्नति गरि १५ शैयाको अस्पताल बनाइनेछ ।

३४ नियमित रुपमा एम्बुलेन्सको व्यवस्था गरि गर्भवती महिलाहरुलाइ स्वास्थ्य केन्द्रसम्म ल्याउन लैजान निशुल्क व्यवस्था गरिनेछ ।

३५ अति गरिब परिवारलाइ स्वास्थ्य विमा Health Insurence गर्ने कार्यक्रम प्रभावकारी कार्यान्वयनकालागि विशेष कार्यक्रम लागु गरिनेछ ।

३६ खोपकेन्द्र तथा गाउघर क्लिकहरुमा आवश्यक फर्निचर तथा उपकरणहरु उपलब्ध गराइ गुणस्तरिय सेवा प्रदान गरिने व्यवस्था गरिनेछ ।

३७ समुदायको स्वास्थ्य समस्या र भौगोलिक विकटतालाई मध्य नजर गरि अर्ध वार्षिक रुपमा स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

३८ मोहन्याल ज्योतिनगर माल्चानामा स्वास्थ्य ईकाइ स्थापना गरिने छ ।

## सँस्कृति विकास तर्फका नीति तथाकार्यक्रमहरु :

३९ यस गाँउपालिका क्षेत्रभित्र विभिन्न सांस्कृतिक पहिचानहरुको संरक्षण र सम्बर्द्धन गर्न ( सुदुरपश्चिमेली लोक देउडा, हुड्के नाच, भुवो नाच साथै मारुनी र गर्रा नाच) लगायतका संस्कृतिको जर्गेना गर्न विभिन्न पञ्चे बाजा तथा आवश्यक संस्कृतिको संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

४० नारीको महानपर्व हरितालीका तिजको संरक्षण तथा प्रवर्द्धनका स्थानीय पर्वका रुपमा मनाइने छ ।

४१ हिन्दुको महानचाड वडादशैको संरक्षण र विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४२ संविधान दिवस, महिला दिवस जस्ता दिवसहरु बिशेष महत्वका साथ मनाईनेछन ।

४३ मगर जातिको कला संस्कृतिको जर्गेना तथा संरक्षणका कार्यक्रमका लागि जोड दिईने

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फका नीति तथा कार्यक्रमहरु:

४४ कोरोना भाईरसबाट प्रभावित भई वैदेशिक रोजगारबाट घर फर्किएका बेरोजगार नागरिकहरुका लागि उत्पादनमुखी कार्यमा लगाई रोजगारी सृजना गर्ने ।

४५ गरिवि न्यूनिकरण तथा बेरोजगार व्यक्तिहरुलाई रोजगार बनाउन मागमा आधारित सीपमूलक तालीमको व्यवस्था गरिनेछ ।

४६ महिला बेचविखन, घरेलु हिंसा, लैंगिक हिंसा विरुद्ध विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छन ।

४७ दलित तथा विपन्न वर्गको जीवन स्तर उकास्नका लागि सशक्तिकरण उत्थानका कार्यक्रमहरु संचालन गरिने छ ।

४८ सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप सहज, सरल र व्यवस्थित एवं पारदर्शि बनाउन वडा कार्यालय नजिक रहेका वित्तिय संस्था मार्फत भुक्तानी गर्ने नीति अवलम्वन गरिनेछ ।

## खानेपानी पूर्वाधार तर्फका नीति तथा कार्यक्रमहरु :

४९ अधुरा खानेपानी आयोजनाहरुलाई निरन्तरता दिईनेछ ।

५० एक घर एक धारा कार्यक्रम निरन्तरता दिईनेछ ।

५१ गाउपालिका क्षेत्रभित्र संचालित खानेपानी आयोजनाहरुको मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

५२ नेपाल सरकारको आगामीतीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधाउपलब्ध गराउने तथादिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्रकुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधाउपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइतथा स्वच्छता क्षेत्रको योजनातर्जुमा, बिद्यमानखानेपानी योजनाहरुको सञ्चालनतथामर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधापुग्ननसकेको क्षेत्रको पहिचान गरी समतामूलकतथा सहभागितात्मकपद्धतिअवलम्बन गरी समन्वयात्मकएवम् पारदर्शी पद्धतिअपनाई सेवाप्रदानगर्न गाउँपालिका स्तरमाखानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापनबोर्ड स्थापना गरी सो मातहतवास युनिटमार्फत नयाँ योजनानिर्माणतथाविद्यमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रवाहगर्ने व्यवस्थामिलाइने छ ।

Scanned with CamScanner

५३ गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षागर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतकाजलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालनतथाव्यवस्थापकीयअवस्थाअद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावलीबमोजिमदर्ता एवम् अद्यावधिक र नवीकरणगर्ने व्यवस्थालाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचनाव्यवस्थापनप्रणाली स्थापनागरिनेछ ।

५४ महिलातथाकिशोरीहरुको आत्मसम्मानको रक्षागर्दै सुरक्षित र स्वच्छतरिकाले बाँच्नपाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमाअपनाइने विभिन्नहानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षागर्न गाउँपालिकाउपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादितमहिनावारी स्वच्छताव्यवस्थापनको धनगढीघोषणापत्रकार्यान्वयनको लागिआवश्यकव्यवस्थामिलाइनेछ ।

५५ नेपाल सरकारको पूर्ण सरसफाइनिर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८२ भित्रगाउँपालिकालाई पूर्ण सरसफाइयुक्तएवम् छाउगोठ मुक्तगाउँपालिकाघोषणागर्ने लक्ष्य बमोजिमगाउँपालिकाभित्रका समुदायलाई पूर्ण सरसफाइउन्मुखतथाविद्यालयहरुलाई तीनतारा पद्धतिमाविकास गर्न एवम् कोभिड १९ जस्तामहामारी र पानीजन्य रोगहरुबाटबच्नवडातथा समुदायस्तरमापूर्ण सरसफाइअभियान सञ्चालनगरिनेछ । विभिन्नपानीजन्य रोगहरुबाटउत्पन्नहुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमापानीको गुणस्तर परिक्षणको व्यवस्थामिलाइनेछ ।

५६ समुदायको पोषणतथाजीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागिगाउँपालिकाभित्रका हरेक घरधुरीमा घरबारी स्थापनागर्दै सम्भाव्य क्षेत्रमाउत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूहमार्फत बार्षिक रु. ३००००० (रु. तिन लाख ) भन्दामाथिकारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहनगर्ने नीतिलिइनेछ साथै गाउँपालिका स्तरमाआवश्यकबोट बिरुवा सहज रुपमाआपूर्ति गर्नकालागिउन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापनागर्ने कार्य यसै बर्षबाटआरम्भ गरिनेछ ।

५७ स्थानीयउत्पादनबाट कृषकहरुलाई अधिकतमलाभलिई जीविकोपार्जनमा सुधार ल्याउनउत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहजआपूर्तिको लागिआवश्यकताअनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापनागर्ने कार्य यसै बर्षबाट शुरुवातगरिनेछ । सो प्रयोजनको लागिनीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालनगर्ने नीतिलिइनेछ ।

५८ खानेपानी सरसफाइ स्वच्छता, मर्यादितमहिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापनतथाव्यवसायिकजिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमाप्राविधिक स्रोत व्यक्तिउत्पादनतथा परिचालनगर्ने कार्यलाई निरन्तरतादिइनेछ ।

५९ मोहन्याल गाउँपालिकालाई घर भित्रको धुँवा मुक्त गाउँपालिका घोषणाका लागि गा.पा.का प्रत्येक घरमा सुधारीएको चुलो बनाउन प्रोत्साहन गरिने छ ।

६० पूर्ण सरसफाइमा टेवा पुर्‍याउने कार्यक्रम अर्न्तगत आगामी बर्ष गा.पा. हरेक घरमा चांग निर्माण लागि प्रोत्साह गर्ने नीति अवलम्बन गरिने छ ।

[redacted]

**भवन, सडक तथा पुल निर्माण तर्फका कार्यक्रमहरु:**

६१ गाउपालिका तथा वडा कार्यालयका भवनहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रका भवन तथा विभिन्न विद्यालयका भवनका भवनहरु भुकम्प प्रतिरोधात्मक तरिकाले बनाईने छ ।

६२ जनता आवास कार्यक्रमका लागि संघिय तथा प्रदेश सरकारसंग विशेष पहल गर्ने ।

६३ पुल तथा झुलङ्गपुल निर्माणका लागि सम्बन्धित निकायमा विशेष पहल गरिनेछ ।

Scanned with CamScanner

६४ वडा कार्यालयका अधुरा भवनहरुलाई निरन्तरता दिईनेछ ।

६५ सडकहरुको स्तरोउन्नती गर्नुका साथै सडक मर्मत तथा सफाइका लागि जेसीवी लाइ सहयोग गर्नका लागी दुई ओटा हाइड्रोलिक ट्र्याक्टर र ब्रेकर खरिद गरिनेछ ।

६६ मोहन्याल चक्रपथ निर्माण गर्न पहल गरिनेछ ।

६७ गाउपालिका भित्र निर्माण गरिने बिभिन्न सडक आयोजनाका लागि सडक गुरु योजना Transport Master Plan तयार गर्न तथा सडकहरुको निर्माण गर्दा सम्वन्धित कार्यलयहरुसँग समन्यव गरिनेछ ।

६८ बहुबर्षिय सडक खण्ड अन्तर्गतका तालबन्ध- कटौजे - खनियाताल, बसन्तागडा -चायाभावर - चोसेकाडा - राक्सा, राजकाडा -चोसेकाडा, साबा- खिमडि -धमकोट , कालापानी -शान्तिपुर, कुइने -ज्यामिरे -माल्चाना र सुगरखाल - सोल्टा सडक निर्माण कार्य अगाडि बढाईने छ ।

**सिचाई, नदि नियन्त्रण तथा तटबन्धन तर्फका कार्यक्रमहरु:**

६९ सामुहिक तथा व्यवसायिक खेतीका लागि कृषक/कृषि समुह तथा कृषि सहकारी संस्थाहरुलाई सिचाई व्यवस्थाका लागि बोरिङ्ग पम्पसेट अनुदान उपलब्ध गराईनेछ ।

७० लिफ्ट सिचाई कार्यक्रमलाई निरन्तरता ।

७१ नदिकटान क्षेत्रहरुमा स्थानीय जोखिम नियन्त्रण गर्न दिगो तटबन्धनका कार्यक्रमहरुमा विशेष जोड दिईनेछ ।

**उर्जा, लघु तथा साना जलविद्युत तर्फका कार्यक्रमहरु :**

७२ विद्युत सहकारी संस्थाहरुको आवश्यक अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाईने छ ।

७३ विद्युत सेवाको खपतलाई न्युनतम तथा गृहणीका लागि वैकल्पिक उर्जा तथा सुधारिएको चुल्हो कार्यक्रम संचालन गरिनेछ ।

७४ गाउपालिकाको बजार क्षेत्रमा सडक वत्ति जडान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**सुचना तथा संचार तर्फका नीति तथा कार्यक्रमहरु:**

७५ सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार गर्नका लागि गाउपालिकाको प्रत्येक वडा कार्यालयमा विद्युत लाईन विस्तार गर्न विशेष पहल गरिनेछ ।

७६ जनतासँग अध्यक्ष कार्यक्रमलाई सुचना प्रवाहका लागि प्रत्यक्ष सार्वजनिक सम्वाद कार्यक्रम निरन्तरता दिईनेछ ।

## ८ वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

**वन तथा वतावरण संरक्षण, जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण तर्फ नीति तथा कार्यक्रमहरु :**

७७ कोरोना भाईरसको नियन्त्रण तथा रोकथामका लागि गाउपालिकाको एक छुट्टै विपद व्यवस्थापन कोष बनाई आवश्यक बजेटको व्यवस्था गरिने छ ।

७८ प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै वन क्षेत्रका दिगो वन विकास कार्यक्रम संचालन गरी स्वच्छ हावा, स्वस्थ दिमाग र सभ्य समाज निर्माण अभियानमा जोड दिइने छ ।

७९ सामुदायिक वनहरुमा जडीबुटी औषधी खेति गर्नलाई प्रोत्साहन गरिने छ ।

८० एक वन एक नर्सरी, शुद्ध हावा स्वच्छ जीवन कार्यक्रम लागु गरिने छ ।

Scanned with CamScanner

८१ धार्मिक वनहरुलाई प्रोत्साहनमुलक कार्यक्रममा समावेश गरिनं छ।

८२ एक वन एक उत्पादन क्षेत्र घोषणा गरी सामुदायिक वन क्षेत्रभित्रको जग्गामा मसलाजन्य बिरुवा तथा जडिबुटी लगाई व्यवसायिक खेति प्रणालीको शुरुवात गरिनेछ।

८३ वडा भेलाबाट छनौट भई आएका योजना अर्न्तगत जैविक तटबन्धन कार्यक्रमलाई प्राथमिकताका साथ जोड दिइने छ।

८४ **एक घर असी फलफुल**अभियानलाई विशेष कार्यक्रमका साथ लागु गरिने छ।

८५ चुरे क्षेत्रको संरक्षण तथा सम्वर्द्धनका कार्यक्रममा विशेष जोड दिईनेछ।

८६ सामुदायिक वनहरुलाई स्थानीय सरकार प्रति जिम्मेवार बनाइनेछ।

८७ मोहन्याल गाउपालिका भित्र रहेका राष्ट्रपति चुरे संरक्षण भित्र पर्ने सामुदायिक बन उपभोक्ता समितिहरुलाइ खारेजी गर्नुका साथै बैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु गर्न नदिने।

**६ संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ**

**वित्तिय व्यवस्थापन तथा शुसासन तर्फका नीति तथा कार्यक्रमहरु :**

८८ स्थानीय निकायका स्थायी/अस्थायी/करार, ज्यालादारी कर्मचारीको उचित व्यवस्थापन गरी कर्मचारीलाई कर्तव्यनिष्ठ, जनउत्तरदायी, सेवाप्रति बफादार बनाइने छ।

८९ प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९० कार्यालय समयको अतिरिक्त समयमा काम गर्ने कर्मचारीहरुलाई नियमानुसार प्रोत्साहान भत्ता उपलव्ध गराईनेछ।

९१ गाँउकार्यपालिकाको कार्यालय अन्तर्गतका सम्पूर्ण शाखा तथा वडा कार्यालयहरुमा नागरिकको सहजताको लागि नागरिक वडापत्रको व्यवस्था गरिनेछ।

९२ गाँउपालिका तथा वडा कार्यालयहरुवाट प्रवाह हुने पञ्जिकरणलाई स्फट्वेयरको माध्यमवाट प्रविधिमैत्री बनाइनेछ।

९३ भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अवलम्बन गरिनेछ।

९४ गाँउपालिकाको सेवा सञ्चालनसंग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ।

९५ न्यायिक समितिका कामकारबाहीलाई थप प्रभावकारी बनाई वडा स्तरिय मेलमिलाप समिति मार्फतन्यायिक कार्यलाई छिटो र छरितो रुपमा संचालन गरिनेछ।

९६ राजश्व संकलन तथा त्यसको परिचालन न्यायोचित तथा मितव्ययी बनाईनेछ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका कार्यक्रम

९७ कामका लागी पारीश्रमीक आयोजनाहरु केन्द्रबाट बिनियोजित रकम श्रमिकका लागी र खरीदको आर्थीक दायीत्व स्थानीय तह बाट गरिनेछ।

९८ स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारिको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा अधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक अयोजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभुति गराइनेछ

९९ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई थप शसक्त रुपमा कार्यान्वयन गरिनेछ।

Scanned with CamScanner

१०० आफ्नो माटो चिनौ, आफ्नै गाउँ वनाऔं स्वलम्बन अभियान संचालन गरि युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ ।

१०१ वेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शांकन कार्य अघि वढाईनेछ ।

१०२ वेरोजगारहरुको ज्ञान, सिप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सिप विकास तालिमको पहिचान गरि सम्वन्धि तालिम केन्द्रमा सिफारिस गरिनेछ ।

१०३ दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

१०४ संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

१०५ स्थानीय स्तरमा रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैह्रसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१०६ युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१०७ श्रम सम्वन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।

१०८ रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

१०९ भारत तथा बैदेशिक रोजगारीवाट फर्किएका,रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन विउँ पुजी उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ ।

प्रमाणित

Scanned with CamScanner

**गाँउसभा सदस्यज्यूहरु,**

अन्तमा, मोहन्याल गाँउपालिकाको विकासलाई समृद्धिको मार्गमालक्ष्य उन्मुख बनाउन यति वेला मुलुक कोरोना भाईरसबाट ग्रसित भईरहेको छ । यस्तो संकटपूर्ण अवस्थामा मोहन्याल गाँउपालिकाको छैठौं गाँउसभा अधिवेशनबाट आर्थिक वर्ष २०७७/०७८ को निति, कार्यक्रम तथा योजनाहरुलाई प्रभावकारी एवं ढंगबाट संचालन गर्न हाम्रो सामु ठुलो चुनौति सृजना भएको छ । यस्तो महामारी संकटको वेला मैले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी बनाउन सबैको सहयोग र सहकार्यको अपेक्षा गरेको छु ।

यस गाँउसभा अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रम निर्माण गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने गाँउसभाका सम्पूर्ण सदस्य ज्यूहरु, क्रियाशिल राजनितिक दलका मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि ज्युहरु, गाँउपालिकाका कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु लगायत गाँउवासी दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मोहन्याल गाँउपालिकाको समग्र विकास प्रक्रियामा आजका दिनसम्म म र मेरो सिंगो जनप्रतिनिधिहरुको टिमलाई सहयोग उपलब्ध गराउने संघिय सरकार, सुदुरपश्चिम प्रदेश सरकार, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति हृदयदेखि आभारी छु साथै यस्तै खालको सहयोग सदैब जारी रहनेछ भन्ने ठुलो विश्वास लिएको छु ।

हार्दिक धन्यवाद सहित अभिवादन !!

पुजादेवि वुढामगर
उपाध्यक्ष

२०७७ साल असार १०



Scanned with CamScanner

निर्णय नं०१७: प्रस्ताव नं. १७ माथि व्यापक छलफल गर्दा यस मोहन्याल गाँउपालीका वडा नं० ६ मा पर्ने तल्लो खोल्याको करीव ५०० हेक्टर खेतीयोग्य जमीन वर्षेनी कर्णाली नदीले कटान गरी नोक्सान गरिरहेको र यसै गरी पानीपतवारबाट खहरे खोलाले पनी कुलो डाँडी पुर्याइरहेको हुँदा कर्णाली नदीमा तटबन्धन र ६ ल निर्माणका लागि DPR गरी केन्द्र सरकार संग माग गर्ने र पानी खोला र बारबा खोलामा DPR भएको पुल, कलभर्टलाई निर्णय पहिले सूचीमा समावेश गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरीयो।

निर्णय नं०१८: प्रस्ताव नं. १८ माथि व्यापक छलफल गर्दा यस गा.पा.को वडा नं० ६ मा स्वीकृत २५ शैयाको भवन स्वीकृतीमा स्वास्थ्य मन्त्रालयमा माग गर्ने भन्ने निर्णय सर्वसम्मत रुपमा पारित गरीयो।

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश २०७३